"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष १० अंक ४०, आश्विन-कार्तिक २०८० www.ncbl.coop 18 September 2023- 16 November 2023

## सात बुँदे घोषणापत्र जारी गर्दै लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी-२०८० सम्पन्न



ललितपुर । राष्ट्रिय सहकारी बैंकको आयोजनामा असोज २५ र २६ गते भएको लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी-२०८०, ७ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ।

'दिगो, पारदर्शी र जोखिम रहित सहकारीः लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी' भन्ने मूख्य विषयवस्तुमा केन्द्रित रही सञ्चालन भएको गोष्ठीले विभिन्न मुद्दाहरुमा साझा धारणा बनाएको छ। स्वःनियमनको अभ्यास मार्फत सहकारी अभियानलाई सुशासित र मर्यादित बनाउन लेखा सुपरिवेक्षण समितिको क्षमतामा अभिवृद्धि गरी कुशल, प्रभावकारी र गुणस्तरीय सेवा प्रदानका लागि सहकारी संघ संस्थामा आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउन प्रतिबद्ध बनाउने भनिएको छ। संस्थागत क्षमता अभिवृद्धि गर्न सहकारी संघ संस्थाको जोखिम व्यवस्थापनका लागि नीति, प्रक्रिया र संस्थागत जोखिमका तत्वहरूको नियमित मूल्याङ्कन र समीक्षा गर्ने प्रणालीको विकास गर्न प्रतिबद्ध रहेको बताइएको छ।

त्यसैगरी सहकारी संघ संस्थाको आन्तरिक र वाह्य जोखिमहरुको पहिचान, वर्गिकरण, विश्लेषण र मूल्यांकन गरी जोखिम न्युनीकरणका लागि उपयुक्त सुरक्षित विधि, प्रविधि र आन्तरिक सुचना प्रणाली मजबुत बनाउन भूमिका निर्वाह गर्ने घोषणा पत्रमा जारी उल्लेख गरिएको छ। सहकारी संघ संस्था सम्बद्ध कानुन तथा नीति नियमहरुको पालना एवं सदस्यता केन्द्रीयताको नियमित अनुगमनका लागि सञ्चालक समिति, उपसमितिहरु, व्यवस्थापन, सदस्यहरु र लेखापरिक्षकलाई जिम्मेवार बनाउन प्रभावकारी भूमिका निर्वाहका लागि प्रतिबद्ध छौं । ..... *(बाँकी पृष्ठ ३ मा)*

## सहकारीमा धेरै पक्षले जोखिम निम्त्याउन सक्छः सीईओ गुरागाई



ललितपुर। राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) बद्रि कुमार गुरागाईंले 'वित्तीय सहकारीको जोखिम मापनः संरचना र पद्धति' विषयमा कार्यपत्र प्रस्तुत गरेका छन् ।

बैंकले आयोजना गरेको लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठीको दोस्रो सत्रमा कार्यपत्र प्रस्तुत गर्दै उहाँले सहकारी क्षेत्रमा धेरै पक्षले जोखिम निम्त्याउने बताए। विश्लेषण नगरी जथाभावी गरिने लगानी, कर्मचारीको दक्षता अभाव र अन्य थुप्रै कारणले सहकारीमा जोखिम आउने गरेको र हाल सहकारीले विश्वासको संर्घष गरिरहनु परेको बताउनु भयो । नियमनकारीको अप्रभावकारीता, संस्थाहरुमा सुशासनको अभाव, सामुहिक भावनाको कमी, श्रोत लागतको विश्लेषणको अभाव, संस्थागत पुँजी कमजोर, कर्जा लगानी नीतिको अभाव र त्यसको विश्लेषण नगर्ने परीपाटीले गर्दा सहकारीमा जोखिम आउने गरेको बताउनु भयो । ............. *(बाँकी पृष्ठ ३ मा)*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

**सहकारिता**

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्रीकुमार गुरागाईं

**सुचना, सञ्चार तथा प्रकाशन उप-समिति**
**संयोजक**
राम बहादुर जि.सी.

**सदस्यहरु**
डिल्ली प्रसाद पोखरेल, आर एस तिमल्सिना
विजया धिताल
**सदस्य सचिव**
नवीन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
बलराम के.सी.

**ठेगाना**
राष्टिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर
फोन नं : ०१-५१८०१८२
Email: Publication@ncbl.coop
ncbl@ncbl.coop
webiste: www.ncbl.coop

# सम्पादकीय

## स्वाधिन अर्थतन्त्र निर्माणमा सहकारीको भूमकिा

*आर्थिक स्वाधीनताको परिभाषा गर्दा अत्यन्त संकुचित रुपमा गर्ने गरिएको छ। व्याप  अर्थमा परिभाषित गर्दा यसले*

*राष्ट्रिय आवश्यकताका आधारमा आर्थिक नीति निर्माण गर्ने, मुलुकको प्राथमिकता र आवश्यकता बमोजिम दातृ निकायको सहयोग प्राप्त गर्ने, आयात निर्यातजस्ता बजार सम्बन्धहरु मुलुकको स्वार्थ अनुकूल तुल्याउने, उत्पादन तथा वितरणमा समावेशिता र सहभागिता सुनिश्चित गर्नुपर्ने लगायतका कुराहरु समेट्नु पर्दछ। विश्व आर्थिक परिदृश्यमा देखा परेका मुख्य दुई मोडेलमध्ये राज्य र निजी क्षेत्रले चलाएको अर्थतन्त्रका आआफ्ना सीमा रहेका र सोका कारण बेलाबेलामा ती दुवै मोडलमा संकट आउने गरेको छ। ती दुवै मोडलको परिपूरकका रुपमा समावेशी आर्थिक वृद्धि र विकासका लागि तेश्रो पात्रका रुपमा विश्वका कतिपय मुलुकहरुमा सहकारी मोडेल स्थापित भएको छ। स्थानीय अर्थतन्त्रमा उत्पादन, प्रशोधन, भण्डारण र वितरणमा सहकारी संस्था नै सफल हुने गरेको देखिन्छ।*

*बजारकेन्द्रीत अर्थतन्त्रका कारण आयको वितरण न्यायोचित नहुँदा समाजमा असमानता, असन्तुष्टि जन्मन गई विभिन्न मुलुकमा द्वन्द्व र कहिलेकाहीँ विनाशको अवस्था देखिएको छ । उत्पादन र बजारीकरणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न सहकारी एउटा पूरक पात्र हुने गरेको छ। समाजमा जातीय, लैगिक, भौगोलिक लगायत बहु आयामिक असमानता रहने र तिनलाई न्यूनीकरण गर्नमा सहकारी एक उपयुक्त उपकरण हो । सशक्तिकरणको मुद्धालाई सम्बोधन गर्दै उपलब्धिमूलक बनाउनका लागि समुदायमा पछि परेका र पारिएकाहरुलाई संगठित गरेर मात्र सम्भव हुन्छ। यसका लागि उत्पादन, प्रशोधन र सामुदायिक गतिविधिमा सहकारी अभियान*

*सबलीकरणका साथै आयआर्जन, गरिबी निवारणका लागि समेत सशक्त माध्यम बन्न सक्छ। उत्पादनभन्दा प्रशोधन र भण्डारणबाट मूल्य अभिवृद्धि (Value Add) हुने हुँदा स्थानीय जनता अझ बढी लाभान्वित हुने, यसबाट बिचौलिया प्रवृत्ति निरुत्साहित भई उत्पादक र उपभोक्ता दुवै लाभान्वित हुन्छन्। राज्यको समावेशी आर्थिक वृद्धिको लक्ष्य हासिल गर्नका लागि कुन कुन आर्थिक पक्ष र क्षेत्रका सहकारी संस्थालाई प्रवर्द्धन गर्ने भन्ने कुरा राज्यले प्राथमिकता दिएर अघि बढाउनु पर्दछ। खास गरी समाजमा पछि परेका समुदायलाई समेट्रेर सहकारीको प्रवर्द्धन गर्न पहिलो प्राथमिकता दिन सकिन्छ। औद्योगिक विकासका लागि दिगो पुँजी निर्माण आवश्यक हुने, स्वदेशी पुँजी निर्माण एवम् विकास नगरी दिगो आर्थिक विकास सम्भव नहुने भएकाले स्थानीय स्तरमा छरिएर रहेको पुँजी संकलन र पुँजी निर्माणको बानी बसाल्ने कार्यमा सहकारी संस्था भरपर्दो माध्यम बन्न सक्दछ। सहकारी क्षेत्र राज्य, निजी क्षेत्रको प्रतिष्पर्धी नभई परिपूरक मात्र हो। राज्यद्वारा प्रदान गरिने वितरणलाई तल्लो तहसम्म पुऱ्याउन सहकारीमार्फत गर्नु उपयुक्त हुन्छ। राज्य जान नसक्ने तथा निजी क्षेत्र जान नचाहने क्षेत्रमा सिर्जित अन्तराल सहकारीले पूरा गर्न सक्दछ।*

# सात बुँदे घोषणापत्र जारी गर्दै लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय.....

नियमित रुपमा सहकारी संघ/संस्थाको वित्तीय स्वास्थ्य जाँच गरी सिघ्र, मध्यकालीन तथा दिर्घकालीन सुधारात्मक रणनैतिक पद्धतिको विकास गरी लागु गर्न संचालक समिति र व्यवस्थापनलाई जवाफदेही बनाउन प्रतिबद्ध छौं भनिएको छ। त्यसैगरी सहकारी संघ/संस्थाको नियमित आन्तरिक लेखा परिक्षण तथा सुपरिवेक्षण गरी जोखिम न्यूनिकरणका लागि सहजीकरण गर्न र राष्ट्रिय सहकारी बैंकद्वारा निर्माण हुने लेखा सुपरिवेक्षण समितिको सरलीकृत प्रतिवेदनको अद्यावधिक ढाँचा प्रयोग गरी सुपरिवेक्षणमा एकरुपता कायम गर्न प्रतिबद्ध रहने र सहकारी संघ/संस्थामा स्वःनियमन र सुशासन कायम गर्न कानुन र विधिको परिपालनामा शुन्य सहनशीलताको नीति अपनाई साधारण सभाप्रति जवाफदेही भई कार्य गर्ने रहेको छ।

**राष्ट्रिय सहकारी बैंक लिमिटेड**

**लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी २०८०**

**२५-२६ आश्विन, २०८०**

**काठमाण्डौं**

## साझा प्रतिबद्धता

***"दिगो, पारदर्शी र जोखिम रहित सहकारीः लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी" भन्ने मूख्य विषयवस्तुमा*** **राष्ट्रिय सहकारी बैंक लिमिटेड**को आयोजनामा २०८० आश्विन २५ र २६ गते काठमाडौंमा भएको **लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी-२०८०** मा नेपालको सहकारी अभियानलाई दिगो, सुरक्षित र मर्यादित बनाउन सातै प्रदेशका सहकारी संघ संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक, सदस्य तथा अन्य सरोकारवालाहरु समेतको सहभागितामा उच्च संकल्पका साथ निम्नानुसारका बुँदाहरु लागु गर्न साझा प्रतिबद्धता व्यक्त गर्दछौं ।

१. स्वःनियमनको अभ्यास मार्फत सहकारी अभियानलाई सुशासित र मर्यादित बनाउन लेखा सुपरिवेक्षण समितिको क्षमता अभिवृद्धि गरी कुशल, प्रभावकारी र गुणस्तरीय सेवा प्रदानका लागि सहकारी संघ संस्थामा आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउन प्रतिबद्ध छौं ।

२. संस्थागत क्षमता अभिवृद्धि गर्न सहकारी संघ संस्थाको जोखिम व्यवस्थापनका लागि नीति, प्रक्रिया र संस्थागत जोखिमका तत्वहरूको नियमित मूल्याङ्कन र समिक्षा गर्ने प्रणालीको विकास गर्न प्रतिबद्ध छौं ।

३. सहकारी संघ संस्थाको आन्तरिक र वाह्य जोखिमहरुको पहिचान, वर्गिकरण, विश्लेषण र मूल्यांकन गरी जोखिम न्युनीकरणका लागि उपयुक्त सुरक्षित विधि, प्रविधि र आन्तरिक सूचना प्रणाली मजबुत बनाउन भूमिका निर्वाह गर्नेछौं ।

४. सहकारी संघ संस्था सम्बद्ध कानुन तथा नीति नियमहरुको पालना एवं सदस्यता केन्द्रीयताको नियमित अनुगमनका लागि सञ्चालक समिति, उपसमितिहरु, व्यवस्थापन, सदस्यहरु र लेखापरीक्षकलाई जिम्मेवार बनाउन प्रभावकारी भूमिका निर्वाहका लागि प्रतिबद्ध छौं ।

५. नियमित रुपमा सहकारी संघ/संस्थाको वित्तीय स्वास्थ्य जाँच गरी शिघ्र, मध्यकालीन तथा दीर्घकालीन सुधारात्मक रणनैतिक पद्धतिको विकास गरी लागू गर्न संचालक समिति र व्यवस्थापनलाई जवाफदेही बनाउन प्रतिबद्ध छौं ।

६. सहकारी संघ/संस्थाको नियमित आन्तरिक लेखा परीक्षण तथा सुपरिवेक्षण गरी जोखिम न्यूनीकरणका लागि सहजीकरण गर्न र राष्ट्रिय सहकारी बैंकद्वारा निर्माण हुने लेखा सुपरिवेक्षण समितिको सरलीकृत प्रतिवेदनको अद्यावधिक ढाँचा प्रयोग गरी सुपरिवेक्षणमा एकरुपता कायम गर्न प्रतिबद्ध छौं ।

७. सहकारी संघ/संस्थामा स्वःनियमन र सुशासन कायम गर्न कानुन र विधिको परिपालनामा शून्य सहनशीलताको नीति अपनाई साधारण सभाप्रति जवाफदेही भई कार्य गर्नेछौं ।

# सहकारीमा धेरै पक्षले जोखिम निम्त्याउन सक्छः सीईओ गुरागाईं.....




वित्तीय संस्था सुरुदेखिनै जोखिम रहने हुँदा त्यसलाई जोखिमरहित बनाउन व्यवस्थापन चुस्त दुरुस्त बनाउनुपर्ने बताउनु भयो। जोखिमका विभिन्न प्रकार रहनेहुँदा त्यसका लागि पूर्व सर्त निर्धारण गर्नु पर्नेमा प्रमुख कार्यकारी अधिकृत गुरागाईंको जोड थियो। सहकारीको जोखिम व्यवस्थापन सम्बन्धमा ऐन, नियममा समेत धेरै कुरा उल्लेख भएपनि कार्यान्वयन नहुँदा समस्या आएको उहाँको भनाई छ। 'ऐन, नियमावलीले आन्तरिक कार्यविधिको व्यवस्था, कारोबारको लेखा राख्ने, वित्तीय विवरण प्रकाशन, कर्जा सूचना केन्द्र जस्ता थुपै कुरा बोलेको छ', उहाँले भन्नुभयो, 'तर कार्यान्वय गर्ननसक्दा सहकारीहरुमा जोखिम बढेर गएको हो।' सहकारी संस्थाहरुले जोखिमको व्यवस्थापन वर्गिकरण गर्दै संस्थालाई जोखिमरहित बनाउनु अहिलेको आवश्यकता भएको सीईओ गुरागाईंले बताउनु भयो। उहाँले कोरिया र क्यानडाको उदाहरण दिँदै सहकारीको जोखिम व्यवस्थापनको मोडल उत्तम रहेको उल्लेख गर्नुभयो। कोरियामा तीन तहको संरचना रहेको र त्यहाँको संस्थाको अनुगमन संस्थागत पुँजी र क्यामेल रेटिङ प्रणालीलाई आधार मानेर गर्ने गरेको बताउनु भयो।

कुनै पनि संस्था वित्तीय रुपमा टाट पल्टिए पनि बचत सुरक्षणमार्फत सदस्यको बचत फिर्ताको सुनिश्चितता गरेको उनले जानकारी दिनुभयो। संस्थाहरुले विजनेश प्लान नबनाउने र सेयर पुँजीको १० प्रतिशत भन्दा बढी एकै व्यक्तिलाई लगानी गर्दा समस्या आउने हुँदा वित्तीय सञ्चालनको कानुनी परिपालना गर्दै संस्था सञ्चालन गर्न उहाँको आग्रह छ। जोखिमको पहिचान, मूल्यांकन र व्यवस्थापनलाई अध्ययन गरी संस्थामा लागू गर्न सके जोखिम न्युनिकरण गर्दै जान सकिने उहाँको भनाई छ। कार्यक्रममा राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडीको अध्यक्षता, टिप्पणी डा. नरहरी ढकालले गर्नुभएको थियो। कार्यपत्रमाथी टिप्पणी गर्दै ढकालले सहकारीमा देखिएको समस्या आन्तरिक रहेको बताउनु भयो। सहकारी संस्थामा सञ्चालक, कर्मचारीहरुको विशेष सक्रियाता रहनुपर्ने बताउनु भयो। सहकारीहरु शहर केन्द्रीत र नाफामुखी हुँदा अहिले समस्या निम्तिएको धारणा राख्नु भयो। सहकारी संस्थालाई सफल र दिगो बनाउनको निम्ति संस्था भित्रका आन्तरिक नीति तथा कार्यविधिलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

संस्था र सदस्य बीचको सम्बन्ध बलियो नहुँदा पनि हाल सहकारीमा समस्या देखिएको बताउनु भयो। कार्यक्रममा सहभागीहरुले वित्तीय संकटका कारण सहकारीले गरेको लगानी संकटमा परेकाले असुलीका विधि समेत दिन सकेको भए कार्यक्रम प्रभावकारी हुने बताउनु भयो।

# सहकारी बैंकद्धारा बजार प्रतिनिधिहरुको क्षमता अभिवृद्धि तालिम

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड बर्दिवास शाखाले सञ्चालन गरेको सहकारी संघ/संस्थाका "बजार प्रतिनिधिहरुको क्षमता अभिवृद्धि" तालिम सम्पन्न भएको छ। असोज १० गते सञ्चालन भएको तालिममा धनुषा र महोत्तरीका विभिन्न सहकारी संघ/संस्थाबाट ४८ जना बजार प्रतिनिधिहरुको सहभागिता रहेको थियो। सहकारी संघ संस्थाहरुको बजार व्यवस्थापनलाई अझै बैज्ञानिक र समय सान्दर्भिक बनाउन लक्षित गरी तालिम सञ्चालन गरेको बैंकको बर्दिवास शाखाका प्रमुख राजेश थापाले बताउनु भयो। बजार व्यवस्थापनमा देखिएका समस्याहरु समाधान गर्ने उदेश्य अनुरुप सञ्चालन गरिएको तालिममा सदस्य सम्बन्ध व्यवस्थापन, सदस्य सम्वन्ध व्यवस्थापनको आवश्यकता सहकारी संस्थाहरुमा विधमान समस्या, सहकारीमा बजार विश्लेषणका आधारहरु विषयहरु समावेश गरिएको थियो। तालिममा सहभागि बर्दिवास बचत तथा ऋण सहकारी सस्थाका व्यवस्थापक रमेश सिंह ठकुरी र बडहरी बचत तथा ऋण सहकारी सस्थाका व्यवस्थापक निर्जला लुईट्टेलले संस्था सफल हुनका लागि कर्मचारीहरुले भुमिका महत्वपूर्ण हुने बताएका छन। जिल्ला सहकारी संघ मोहत्तरीका उपाध्यक्ष गगनदेव यादवको अध्यक्षतामा भएको कार्यक्रममा बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बराललेसहजीकरण गर्नु भएको थियो।

# लेखासुपरिवेक्षण समितिले सञ्चालक समितिसँग मिलेर नभई निगरानीमा बसेर काम गर्नुपर्छः रजिष्ट्रार घिमिरे



काठमाडौं । सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्दै सहकारीमा विभिन्न जोखिम रहेकाले त्यसलाई न्युनिकरण गर्दै अघि बढ्नुपर्ने बताउनु भएको छ ।

राष्ट्रिय सहकारी बैंकले आयोजना गरेको लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठीमा 'सहकारी सञ्चालन एवं अनुपालना जोखिमः मापन तथा व्यवस्थापन रणनीति' विषयमा कार्यपत्र प्रस्तुत गर्दै उहाँले जोखमलाई अवसरको रुपमा लिएर अगाडी बढ्न सके उचाई समेत प्राप्त गर्न सक्ने बताउनु भयो । सहकारीमा विशेषत कर्जा, तरलता, सञ्चालन, प्राविधिक, व्याजदर, लगानी, साख र अनुपालना जस्ता जोखिम रहेको उनले उल्लेख गर्नुभयो ।

त्यसैगरी सदस्यको निष्कृयता, कमजोर व्यवस्थापन, फितलो सुशासन, दक्ष जनशक्तिको कमी, स्पष्ट योजनाको अभाव, फितलो अनुगमन, कमजोर वित्तीय व्यवस्थापन र सुशासन सहकारी सञ्चालन तथा अनुपालनाको जोखिम रहेको उनले बताए । सहकारीमा समस्या आउनुमा सदस्यको न्यून सहभागिता पनि मुख्य कारण रहेको उनको भनाई छ । सदस्यसँग भन्दा पनि गैर सदस्यसँग कारोबार गर्दा सहकारीमा समस्या आएको भन्दै ऐन, नियमको परिपालना गरे समस्या नै नआउने उहाँको दाबी छ ।




आन्तिरिक नियन्त्रण प्रणाली कस्तो छ, त्यसको उपलब्धता र प्रयोगले पनि जोखिमलाई न्यूनिकरण गर्ने भन्दै रजिष्ट्रार घिमिरेले संस्थामा लेखा समितिको भूमिका प्रभावकारी बनाउनु पर्नेमा जोड दिए । लेखा समितिले कार्यविधि बनाई त्यसको कार्यान्वयन र अध्यावधिक गर्दै जान सके जोखिमलाई न्यूनिकरण गर्न सकिने उनको भनाई छ । लेखा समिति सहकारी संस्था भित्रको नियामक रहेकाले सञ्चालक समितिसँग मिलेर नभई निगरानीमा बसेर काम गर्न सके जोखिम न्यूनिकरण गर्न सकिने बताउनु भयो ।

सहकारी संस्थाले समय समयमा जोखिम पहिचान गरी त्यसका लागि नीति, कार्यविधि बनाएर लागू गर्न सके जोखिमलाई नियन्त्रणमा राख्न सकिने घिमिरेले उल्लेख गरे । आन्तरिक नियन्त्रण प्राणालीको औजारहरुलाई प्रभावकारी कार्यान्वयन गर्न सके संस्थालाई दिगो बनाई निरन्तर सञ्चालन गर्न सकिने घिमिरेको भनाई छ ।

घिमिरेको कार्यपत्रमाथी टिप्पणी गर्दै सहकारी विभागका पूर्व रजिष्ट्रार डा॥ टोकराज पाण्डेले समाजमा सहकारीको छबी निमार्ण गर्न नसक्नु अहिलेको मुख्य जोखिम रहेको बताउनु भयो । सहकारी सदस्य केन्द्रीयतामा चल्ने व्यवसाय भएपनि गैर सदस्यसँग कारोबार गर्दा सहकारीमा समस्या आएको उहाँको तर्क छ ।

सहकारीमा बचत फिर्ता नै अहिलेको मुख्य समस्या भएको र त्यसलाई कसरी पार लगाउन सकिन्छ भनेर अभियानले सोच्नुपर्ने पाण्डेले बताए । सहकारीमा पदाधिकारीको लालचाले गर्दा धेरै संस्था खुलेको भन्दै पाण्डेले सहकारीको संख्या अनुसार क्षमता भने वृद्धि नभएको जनाए । कार्यक्रमको अध्यक्षता राष्ट्रिय सहकारी महासंघका सञ्चालक डि.बी. बस्नेतले गर्नुभएको थियो ।

# लेखा नियन्त्रण प्रणाली कमजोर भएका सहकारीमा वित्तीय संकट देखियोः केशव प्रसाद सापकोटा




काठमाडौं । राष्ट्रिय सहकारी बैंकको लेखा सुपरिवेक्षणका समितिका सदस्य केशव प्रसाद सापकोटाले नेपालको सहकारीमा लेखा समितिको अभ्यासः व्यवस्था र अवस्थाका विषयमा प्रस्तुती गरेका छन् । सहकारी बैंकको आयोजनामा भएको लेखा सुपरिवेक्षण समितिको गोष्ठीमा पहिलो सत्रमा प्रस्तुति गर्दै उनले सहकारीमा आन्तरिक नियन्त्रण प्रभावकारी बनाउन समितिको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

आन्तरिक लेखा नियन्त्रण प्रणाली कमजोर भएका सहकारी संस्थामा अहिले वित्तीय संकट आएको भन्दै उहाँले समितिको भुमिका प्रभाकारी भएका संस्थाहरु राम्रोसँग सञ्चालन भएको बताउनु भयो ।

राज्यले सहकारीको अनुगमनन गर्दा लेखा समितिले काम गरेको छ वा छैन, उसले दिएका सुझावहरु कार्यान्वयन गरेको छ छैन भन्ने जस्ता विषय समेत नहेर्दापनि सस्थाहरुमा समस्या बढेको उनले बताए । सञ्चालका समितिलाई सकृय बनाउन र उनीहरुले गरेका गतिविधिका विषयमा सुस्म ढंगले अध्ययन गरी संस्थालाई सुव्यवस्थित गराउनलाई समिति सकृय रुपमा लाग्न उनले सुझाव दिए । सञ्चालक समिति र व्यवस्थापनलाई जवाफदेही बनाउने काम लेखा समितिको भएको उनको बुझाई छ ।

सहकारीमा वित्तीय जोखिम जहिले पनि आउन सक्ने हुँदा त्यसको समाधानको लागि समिति चनाखो हुनुपर्नेमा उनले जोड दिए । 'सहकारी संस्थामा लेखा समितिको भुमिका ओझेलमा परेको छ । संस्थामा समितिको भुमिका के भन्नेरु बुझाई प्रष्ट भएन', उनले थपे, 'सहकारी ऐन २०७४ र नियमावलीले समितिको भुमिकाको विषयमा प्रष्ट रुपमा उल्लेख गरेको छ । समितिले आफ्नो भुमिकालाई बुझेर काम गर्नुपर्ने हुन्छ ।'

कार्यक्रमको अध्यक्षता धर्मराज देवकोटा तथा टिप्पणीकर्ता नवराज सापकोटाले गरेका थिए । सस्थाको सम्पत्तिको सुरक्षण र सदस्यको बचतको संरक्षण गर्ने काम लेखा समितिको भएको टिप्पणीकर्ता सापकोटाले औंल्याए । कसैको दवाव र प्रभावमा नपरी समितिले काम गर्नपर्ने र ऐनले व्यवस्था गरेको अधिकारलाई प्रयोग गर्न उनले आग्रह गरे । कार्यक्रममा विभिन्न सहकारी संस्थाका सहभागिहरुले लेखा समितिको तालिमहरु प्रयाप्त नभएको र समितिले उठाएका विषयहरुलाई सञ्चालकहरुले लागु नगरेको समेत गुनासो गरे ।

# ‘सहकारीको जोखिम कम गर्न : कर्जा सूचना केन्द्र’

ललितपुर । नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक श्यामकृष्ण दाहालले सहकारीमा आएको समस्यालाई कम गर्नका लागि कर्जा सूचना केन्द्र तत्काल स्थापना गर्नु पर्नेमा जोड दिनु भएको छ।

असोज ४ गते राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाले आयोजना गरेको २ दिने सम्पत्ती शुद्धिकरण निवारण तथा गोएमल सम्बन्धी तालिम शुभाम्भका अवसरमा बोल्दै दाहालले कर्जा सूचना केन्द्र स्थापनामा जोड दिनु भएको हो।

सहकारी अभियानको जोड कर्जा सूचना केन्द्र स्थापनामा हुनु पर्ने हो, अभियानको ध्यान खास विषयमा नगएर अन्यत्र मोडिएको हो कि ? भन्ने आशंका व्यक्त गर्दै दाहालले अभियान एकतावद्ध भएर कर्जा सूचना केन्द्र स्थापनामा लाग्नु पर्ने बताउनु भयो।

एउटा सहकारीमा खराव ऋणी बनेको मान्छे, अर्को सहकारीमा जान्छ र ऋण उपयोग गर्छ, एउटा व्यक्ति दर्जनौ सहकारीको सदस्य बन्ने र त्यहाँबाट ऋण लगेर नतिर्ने गरेका उदाहरणहरु छन्, पूर्व निर्देशक दाहालले भन्नुभयो,- ‘सहकारीको ऋण गलत व्यक्तिमा जान नदिनका लागि तुरन्तै कर्जा सूचना केन्द्रको आवश्यकता छ।’

सहकारी ऐन आएको ६ वर्ष भयो, ऐनका मुख्य प्रावधानहरु अझै कार्यान्वयन भएका छैनन्, सहकारी अभियान र राज्यको ध्यान ऐन कार्यान्वयन गरी सहकारीलाई शुद्धिकरण गर्नेतर्फ जानु पर्ने दाहालको सुझाव छ।

सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धमा नेपाल राष्ट्र बैंक र सहकारी विभागको निर्देशन कार्यान्वयन नभएको तर्फ चर्चा गर्दै उहाँले सबै सहकारीहरुले सहकारीमा स्रोत नखुलेको रकम छैन भन्ने प्रमाणित गर्नु पर्ने बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले वचतमा उच्च व्याज दिने, मुनाफा सबैले भन्दा धेरै दिने होडवाजीका कारण सहकारीहरुमा समस्या देखिएको बताउनुभयो।

सहकारीका सदस्यहरुलाई नाफा र ब्याजको लोभ देखाएर वचत संकलन गर्ने र त्यो वचत आफ्नो निजी सम्पत्ती आर्जन गर्न लगाउने व्यक्तिहरुले सञ्चालन गरेका सहकारीहरुका कारण सदस्य केन्द्रीत कारोबार गर्ने सहकारीमा पनि समस्या आएको भन्दै जिसीले यस्ता विषयमा सदस्यहरुलाई सचेत बनाउनु पर्ने बताउनुभयो।

तालिम शुभारम्भ कार्यक्रमको सञ्चालन सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले गर्नु भएको थियो।

२ दिनसम्म सञ्चालन हुने तालिममा नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक श्यामकृष्ण दाहालले सहजीकरण गर्नु भएको छ। तालिममा सम्पत्ती सुद्धिकरण ऐन, नियमावली, निर्देशन, सहकारी ऐन, नियमावली र निर्देशनका बारेमा जानकारी दिनुका साथै सहकारीहरुले सम्पत्ती सुद्धिकरण निवारण निर्देशन र गोएमएमल कार्यान्वयन सम्बन्धमा सहजीकरण गरिने बैंकका शाखा प्रमुख त्रिपाठीले जानकारी दिनुभयो।

# धौलागिरीका सहकारीकर्मीलाई सम्पत्ती शुद्धिकरण र गोएमल सम्बन्धी तालिम

ललितपुर । सहकारीकर्मीहरुलाई सम्पत्ती शुद्धिकरण र गोएमएल सम्बन्धी सचेतना प्रदान गर्ने उद्देश्यका साथ बागलुङमा सञ्चालित २ दिने तालिम असोज ५ गते सम्पन्न भएको छ।

राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाले आयोजना गरेको तालिममा सम्पत्ती शुद्धिकरण निवारण तथा गोएमलका बारेमा सहजीकरण गरिएको थियो।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ र सो अन्तर्गत बनेका नियमावलीको प्रभावकारी कार्यान्वयनद्वारा सहकारी संस्थाहरूमा हुने वित्तीय कारोबारको स्वच्छता एवम् पारदर्शिता कायम गर्नका लागि सहकारी विभागले जारी गरेको निर्देशन कार्यान्वयनमा तालिमले

सहयोग पुऱ्याउने बैंकले जनाएको छ । तालिममा नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक श्यामकृष्ण दाहालले सहजीकरण गर्नु भएको थियो ।

तालिममा सम्पत्ती सुद्धिकरण ऐन, नियमावली, निर्देशन, सहकारी ऐन, नियमावली र निर्देशनमा सहकारीका लागि व्यवस्था गरिएको विषयहरुको बारेमा जानकारी गराइएको थियो ।

सम्पत्ती शुद्धिकरण र गोएमएलका विषयमा सहकारीहरुले पालना गर्नु पर्ने विषयमा जानकारी लिई समयमै संस्थाले गर्नु पर्ने काम सकेमा सहकारीहरुप्रतिको विश्वास बढ्दै जाने सहजकर्ता दाहालले बताउनुभयो ।

उहाँले सहकारीले आफ्ना सदस्यहरुसंग मात्र वित्तीय कारोबार गर्ने भए पनि कतिपय सहकारीहरुले ऐनमा भएको व्यवस्था भन्दा बाहिर गएर काम गरेकाले सिंगो सहकारी अभियानप्रति नै नकरात्मक प्रचार हुने गरेको भन्दै यसलाई चिर्नका लागि सहकारीकर्मीहरुले ध्यान दिनु पर्नेमा जोड दिनुभयो । तालिम समापन कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक राम बहादुर जिसीले सहकारी संघ संस्थाका लागि राज्यका तर्फबाट बनाइएको नीति निर्देशनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सहकारीको साख बढाउन सबै सहकारीकर्मीहरु ऐक्यवद्ध भएर लाग्नु पर्ने बताउनुभयो ।

बैंकको लैंगिक समता उपसमितिका सदस्य लिलादेवी खड्काले सहकारीमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि बैंकले सञ्चालन गरेको तालिम सहयोगी हुने धारणा राख्नु भएको थियो ।

तालिम समापन कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले गर्नु भएको थियो ।

तालिममा बागलुङ, पर्वत र म्याग्दीका विभिन्न सहकारी संघ संस्था ३० जनाको सहभागिता रहेको थियो ।

# महोत्तरीका सहकारीकर्मीलाई कर्जा लगानी तथा असुली व्यवस्थापन सम्बन्धी तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बर्दिवास शाखाले आयोजना गरेको २ दिने कर्जा लगानी तथा असुली व्यवस्थापन तालिम असोज १० गते सम्पन्न भएको छ । सहकारीले सदस्यहरुलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने विधिहरु, आवश्यक कागजातहरु, धितो मूल्यांकन, जमानत लगायत सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

तालिममा ऋण लगानीका प्रक्रियाहरु, क्षमतामा आधारित ऋण लगानी, व्यवसाय विश्लेषण, ऋण अनुगमन र निरीक्षण, जोखिम पहिचान र व्यवस्थापन, सहकारीको ऋण असुली सम्बन्धी कानुनी व्यवस्थाहरु, ऋणको वर्गिकरण, ऋण असुलीका उपायहरु, भाखा नाघेको ऋण असुली गर्ने तरिका लगायतका विषयमा सहजीकरण गरिएको थियो ।

कार्यक्रमका सहभागीहरुले सहकारीमा वचत फिर्ताको चाप बढ्दै जादा ऋणी सदस्यहरुलाई भुक्तानीको चाप बढ्ने भएकाले सतर्क रहन आव्हान गरेका छन् । सहकारी बैंकको तालिम विभागका सहायक अधिकृत राज कुमार बरालले तालिममा सहजीकरण गर्दै ऋण लगानी गर्दा ध्यान दिन नसकेका कारण खराव ऋण बढेकोले पनि सहकारीमा तरलता व्यवस्थापनमा असर गरेको बताउनु भयो ।

तालिम समापन कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक विश्वनाथ मण्डलले वित्तीय कारोबार गर्ने सहकारीहरुले ऋण लगानी र असुलीका विधि प्रक्रिया र अभिलेख व्यवस्थापनमा ध्यान दिनु पर्नेमा जोड दिनु भयो । तालिममा सिकेका कुरा आ-आफ्नो संस्थामा लगेर कार्यान्वयन गर्न सुझाव दिदै उहाँले ऋणको जोखिम न्यूनिकरण गर्न सके सहकारीको समस्या सहजै समाधान हुने धारणा राख्नुभयो ।

प्रतिनिधि सभाका पूर्व सदस्य रञ्जना श्रेष्ठले सहकारीले सदस्यहरुलाई विधिसम्मत ऋण लगानीका लागि कर्मचारीको भूमिका प्रभावकारी हुनु पर्नेमा जोड दिनुभयो । उहाँले सञ्चालक साधारणसभाबाट निर्वाचित भएर आएका हुन्छन्, उनीहरुलाई प्राविधिक कुरा थाहा नहुन पनि सक्छ, तर कर्मचारी पढेरै जागिर खान आउने भएकाले नीतिसँगत नहुने कुरामा

सञ्चालकहरुलाई समेत रोक्ने गरी काम गर्न सुझाव दिनुभयो ।

तालिममा ३६ सहकारीका ४४ जना सञ्चालक पदाधिकारी, ऋण उप-समितिका पदाधिकारी तथा सदस्य र संस्थामा कर्जा हेर्ने कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक बर्दिवास शाखाका प्रमुख राजेश थापाले गर्नुभएको थियो ।

# भाखा नाघेको कर्जा व्यवस्थापन तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड लहान शाखाले आयोजना गरेको २ दिने भाखा नाघेको कर्जा व्यवस्थापन तालिम सम्पन्न कार्तिक ३ गते सम्पन्न भएको छ। सहकारीले सदस्यहरुलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने विधिहरु, आवश्यक कागजातहरु, धितो मूल्यांकन, भाखा नाघेको कर्जाको व्यवस्थापन, जमानत लगायत संभावित जोखिम कम गर्न सहयोग पुर्‍याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ।

तालिम समापन कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक विश्वनाथ मण्डलले वित्तीय कारोबार गर्ने सहकारीहरुले ऋण लगानी र असुलीका विधि प्रक्रिया र अभिलेख व्यवस्थापनमा ध्यान दिनु पर्नेमा जोड दिए । तालिममा सिकेका कुरा आ-आफ्नो संस्थामा लगेर कार्यान्वयन गर्न सुझाव दिदै उहाँले ऋणको जोखिम न्यूनिकरण गर्न सके सहकारीको समस्या सहजै समाधान हुने धारणा राखे।

बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले भाखा नाघेको कर्जाको व्यवस्थापनको विषयमा सहजीकरण गर्नुभएको थियो । बैंकको लहान शाखा व्यवस्थापन समन्वय उपसमितिका संयोजक संजय कुमार महतोको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक लहान शाखाका प्रमुख समीर श्रेष्ठले गरेका थिए । कार्यक्रममा सिरहा र सप्तरीका विभिन्न सहकारी संस्थाबाट ४० जनाको सहभागिता रहेको थियो।

# राष्ट्रिय सहकारी बैंकको २० औं वार्षिक साधारणसभा मंसिर ३० गते हुने

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको २० औं वार्षिक साधारणसभा आगामी मंसिर ३० गते शनिबार हुने भएको छ।

बैंकको कार्तिक १९ सम्पन्न सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, प्रवुद्ध समुह र केन्द्रीय उपसमितिका सदस्यहरुको संयुक्त वैठकले मंसिर ३० गते साधारणसभा गर्ने निर्णय गरेको हो । बैंकको २० औं वार्षिक साधारणसभा अन्तरगत मंसिर ३० गते ७ प्रदेशमा इकाईसभा र पुस ६ गते इकाई प्रतिनिधिहरुको सभा गरिने बैंकका अध्यक्ष के.बी.उप्रेतीले जानकारी दिनुभयो।

कोशी प्रदेशको बिराटनगर, मधेश प्रदेशको जनकपुर, बागमती प्रदेशको काठमाडौं, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदुरपश्चिम प्रदेशको धनगढीमा इकाई साधारणसभा हुने भएको हो।

भर्चुअल र भौतिक रुपमा सम्पन्न गरिने साधारणसभाको उद्धाटन सत्र संयुक्त रुपमा र छलफल सत्र प्रदेशगत रुपमा सम्पन्न गरिने अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो । सात प्रदेशमा हुने इकाइसभाबाट चयन हुने प्रतिनिधिहरुले साधारणसभाको बैठकका निर्णयहरु प्रमाणित गर्ने सभा पुस ६ गते काठमाडौंमा हुने भएको छ।

साधारणसभामा सञ्चालक समितिको प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, आ.ब. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन, आ.ब. २०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रमको विषयमा छलफल एवं निर्णय हुने छ। त्यसैगरी विनियम संशोधन, कार्यविधिहरु थप तथा संशोधन, नियमनकारी निकायको निर्देशनको जानकारी सहित विभिन्न

१३ वटा कार्यसूचीका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले वैठकमा जानकारी गराउनु भएको थियो।

बैंकमा हालसम्म १६ हजार १ सय ४६ सहकारी संघ संस्था सदस्य रहेका छन् । बैंकको शेयर पूँजि २ अर्ब ७९ करोड, निक्षेप ५७ अर्ब, ऋण लगानी ३० अर्ब ८९ करोड रहेको छ ।

# राष्ट्रिय सहकारी बैंकको स्तरीकरण कार्यक्रम केयरमा आवद्ध बर्दियाका संस्थाहरुबिच समीक्षा गोष्ठी सम्पन्न

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारी संस्थाहरुको स्तरीकरण कार्यक्रम अन्तरगत केयरमा आबद्ध संस्थाहरुको केयर समीक्षा गोष्ठी कार्यक्रम बर्दियामा कार्तिक २० गते सम्पन्न भएको छ।

सोमवार केयरमा आबद्ध शिव बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड मधुवन-१, सूर्यपटुवाको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा केयरमा आबद्ध संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो।

आयोजक संस्थाका अध्यक्ष सिताराम चौधरीको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख आतिथ्यता मधुवन नगरपालिका वडा नम्बर-१, का वडा अध्यक्ष मिन बहादुर थापा, विशिष्टि अतिथि मधुवन नगरपालिका सहकारी शाखाका गणेश बोहरा रहनु भएको थियो।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको स्तरीकरण विभागका अधिकृत सूर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो । उहाँले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउँदै सुधारका लागि आवश्यक सुझावहरू समेत दिनुभएको थियो ।

कार्यक्रममा बर्दिया जिल्लाको केयरमा आबद्ध ४ वटा संस्थाहरूका व्यवस्थापन प्रमुखबाट संस्थागत प्रस्तुतीकरण भएको थियो।

# पोखरामा सहकारी बैंकको ऋण व्यवस्थापन तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा गण्डकी प्रदेश अन्तरगतका सहकारीकर्मीहरुका लागि एक दिने ऋण व्यवस्थापन तालिम २४ कात्तिक सम्पन्न भएको छ।

सहकारी संघ संस्थाबाट सदस्यहरुलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने प्रक्रियाहरु, असुलीका लागि बनाइने योजनाहरुका साथै ऋणलाई खराव हुन नदिन तथा खराव ऋणीहरुबाट ऋण असुलीका लागि अपनाउनु पर्ने कानुनी प्रावधान लगायतका विषयमा तालिममा सहजीकरण गरिएको थियो।

पछिल्लो समय केही सहकारीहरुले गरेको गलत क्रियाकलापका कारण आम सहकारीहरुलाई प्रभावित बनाएको र वचत तथा ऋणको कारोबार गर्ने सहकारीहरुमा ऋणको भाखा नाघेर खराव ऋण बढ्दै जाने, ऋणी सदस्यहरुले ऋण भुक्तान गर्न आनाकानी गर्ने, ऋण असुलीका लागि अपनाउनु पर्ने कानुनी प्रक्रिया नपुगेका कारण संस्थाको ऋण असुलीमा समस्या सिर्जना हुने जस्ता समस्या देखिएकाले ऋण व्यवस्थापन तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ।

तालिमको शुभारम्भ गर्दै बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले पछिल्लो समय सदस्यहरुलाई ऋण लगानी गरेका केही संस्थाहरुमा ऋण असुली समयमा नभएका कारण तरलता व्यवस्थापनमा समस्या देखिएको बताउनुभयो।

ऋण असुलीका लागि सहकारी ऐनमा व्यवस्था भएका कर्जा असुली न्यायाधिकरण र कर्जा सूचना केन्द्र छिटो

भन्दा छिटो कार्यान्वयनमा ल्याउन सकेमा असुली प्रक्रिया सहज हुने भएकाले यसको कार्यान्वयनका लागि सबैको दवाव आवश्यक रहेको जिसीको भनाइ थियो ।

बैंकका लेखा सुपरीवेक्षण समितिका सदस्य चन्द्र कुमारी पराजुलीले सहकारीहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि सुरक्षित ऋण लगानी आवश्यक रहेको बताउनुभयो ।

तालिममा कुमारी बैंकका पूर्व अधिकृत सञ्जिव सैँजुले सहजीकरण गर्नु भएको थियो । उहाँले जोखिम नहुने तरिकाले ऋण लगानी गर्न सकियो भने संस्था सञ्चालनमा सहजता आउने भएकाले कर्मचारीहरुले ऋण लगानीका कानुनी प्रक्रिया लगायत सहज रुपमा असुली गर्न सक्ने संभावनालाई समेत ख्याल गर्नु पर्नेमा जोड दिनुभएको थियो । तालिमका सहभागीहरुका तर्फबाट प्रगति बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बागलुङका प्रवन्धक मुना शर्माले ऋण लगानी र असुली प्रक्रियालाई थप प्रभावकारी बनाउन तालिम सहयोगी हुने धारणा व्यक्त गर्नु भयो ।

तालिममा कास्की, स्याङ्जा, पर्वत, बागलुङ र म्याग्दीका ३० वटा सहकारी संस्थाका प्रवन्धक तथा ऋणसंग सम्बन्धित सञ्चालक र कर्मचारीको सहभागिता रहेको बैंकका गण्डकी प्रदेश शाखा प्रमुख नरेश पाण्डेले जानकारी दिनुभयो ।

# सहकारी संस्थाको सुशासन, व्यवस्थापन र प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रम झापामा सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड र झापा जिल्ला सहकारी संघ लिमिटेडको संयूक्त आयोजनामा सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा तथा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको प्राविधिक सहयोगमा सहकारी संस्थाको सुशासन, व्यवस्थापन र प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्तिक २४ गते झापामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले नेपालमा सहकारी संस्थाप्रति विश्वासको संकट पैदा गरी अनर्गल प्रचार गरिएका कारण पछिल्लो समय यो व्यवसायमा संकट उत्पन्न भएको बताउनु भयो ।

सहकारी संस्थाको सुशासन, व्यवस्थापन र प्रवर्द्धन सम्बन्धी झापाका सहकारीकर्मीहरु माझ आयोजित अन्तरक्रिया कार्यक्रममा प्रस्तुति दिँदै अध्यक्ष दाहालले यस्तो बताउनुभएको हो । सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्त, मूल्य र मान्यता विपरित खुद्रा पसल झैं नेपालमा सहकारी खोल्ने प्रवृत्तिका कारण आज यो दिन आएको उल्लेख गर्नुभयो । अन्तरक्रिया कार्यक्रमका मुख्य प्रस्तोता अध्यक्ष दाहालले सहकारीका सदस्यहरुमा सहकारी शिक्षाको कमी हुनु, नियामक निकायको फितलो नियमन र पछिल्लो समयमा तरलताको अभाव जस्ता कारणहरुले सहकारी संस्थाहरु समस्याग्रस्त बन्दै गएको धारणा राख्नुभयो ।

सहकारी विभागले १ प्रतिशत, प्रदेश सरकारहरुले १९ प्रतिशत र पालिकाहरुले ८० प्रतिशत सहकारी संस्थाहरुको नियमन अधिकार राख्ने बताउनुभयो । तर ८० प्रतिशत संख्या पालिकाको नियमन क्षेत्रमा परे तापनि एकाध बाहेकका पालिकामा सहकारी बुझ्ने कर्मचारी नै नरहेकोले प्रभावकारी काम हुन नसकेकै कारण समस्याहरु उत्पन्न भएको दाहालले बताउनुभयो ।

अन्तरक्रिया कार्यक्रममा झापाका सहकारी संस्थाहरुको समग्र अवस्थाका बारेमा झापा जिल्ला सहकारी संघका सचिव भवानीप्रसाद दंगालले प्रस्तुति दिनुभएको थियो । कार्यक्रममा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य एंव राष्ट्रिय सहकारी महासंघका सञ्चालक डि.बी. बस्नेतले समितिले समस्यामा परेका सहकारीमै रहेर सदस्य सेवा गर्नुपर्ने आफूहरुको जिम्मेवारी रहेको बताउनुभयो ।

काठमाडौंका केही सहकारीका सञ्चालकको प्रवृत्ति सुनाउँदै बस्नेतले भने मानिस माथि यति बर्बर अमानवीय व्यवहार अन्य व्यवसायमा नदेखेको रहस्य पनि खोले । अभियानको संरक्षण गर्नुपर्ने नेतृत्वले नै प्रहरी बोलाएर अर्को अभियानकर्मीलाई पक्राउ गराउनु परेको तीतो यथार्थ

संगालेको उनको भनाई छ । सो अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामहरि बजगाईं, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका सञ्चालक घनश्याम अधिकारी, एनएमसीका अध्यक्ष ठाकुरप्रसाद सिवाकोटी, मेची बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष नारायणप्रसाद भट्टराई, बिर्तामोड नगरपालिकाका सहकारी अधिकृत डिल्ली दाहाल, नयाँ मिलन साकोसका अध्यक्ष सुष्मा पौडेल, जिल्ला संघका सहसचिव कृष्णप्रसाद मिश्र लगायतले सहकारी समस्यामा पर्नुका कारणहरु बारे आफ्ना धारणा राख्नु भएको थियो । झापा जिल्ला सहकारी संघ लिमिटेडका अध्यक्ष गणेश ढकालको अध्यक्षता तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड बिर्तामोड शाखाका प्रमुख विवेक डाँगीको सञ्चालनमा कार्यक्रम भएको थियो । बैंकसञ्चालक महेन्द्रकुमार गिरीले कार्यक्रमको औचित्य माथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा झापा जिल्ला विभिन्न सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## राष्ट्रिय सहकारी बैंक लिमिटेडको २०औं वार्षिक साधारण सभाको सूचना

मिति २०८० कार्तिक १७ गते बसेको यस बैंकको सञ्चालक समितिको बैठकको निर्णयानुसार २०औं वार्षिक साधारणसभा तपसिलमा उल्लिखित कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्नका लागि सहकारी संस्थाको साधारणसभा सम्बन्धी कार्यव्यवस्था निर्देशिका २०७६ (संशोधन सहित) र बैंकको विनियम २०५९ (संशोधन सहित) बमोजिम देहायमा उल्लिखित एकाइहरुमा निम्न बमोजिमको मिति, समय र स्थानमा हुने भएको हुँदा यस बैंकका सम्पूर्ण सदस्य संघ/संस्थाहरुका प्रतिनिधि महानुभावहरुलाई साधारण सभाको बैठकमा भाग लिनका लागि हार्दिक अनुरोध छ ।

**साधारण सभाका कार्यसूचीहरु**

१. संचालक समितिको प्रतिवेदन सम्बन्धमा,
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ.व. २०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
५. अन्य कोषको रकम जगेडा कोषमा स्थानान्तरण गर्ने सम्बन्धमा,
६. आ.व. २०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,
७. विनियम संशोधन सम्बन्धमा,
८. कार्यविधिहरु थप तथा संशोधन सम्बन्धमा,
९. बैंकको केन्द्रीय कार्यालयको स्थानान्तरण सम्बन्धमा,
१०. कार्यसूचीमा थप भएका प्रस्ताव सम्बन्धमा,
११. नियमनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा,
१२. संस्थागत प्रतिनिधिको जानकारी सम्बन्धमा,
१३. साधारण सभाको एकाइ बैठकको निर्णय पुस्तिकामा प्रमाणित गर्न प्रतिनिधि तथा साधारण सभा (केन्द्र) को निर्णय प्रमाणित गर्न पठाउनुपर्ने एकाइ प्रतिनिधिहरुको चयन गर्ने सम्बन्धमा,

**कार्यक्रम :**

| बैठक मिति | एकाइ | एकाइको क्षेत्र | बैठक समय | बैठक स्थान | एकाई बैठकको निर्णय प्रमाणित गर्न आवश्यक प्रतिनिधि संख्या | साधारण सभाको एकाई बैठकका प्रतिनिधिहरुको (केन्द्रीय सभा) निर्णय प्रमाणित गर्न चयन हुने प्रतिनिधि संख्या |
|---|---|---|---|---|---|---|
| २०८०/०८/३० | १ | कोशी प्रदेशका सम्पूर्ण जिल्लाहरु | बिहान ११:०० बजे | विराटनगर | १७ | ७ |
| २०८०/०८/३० | २ | मधेश प्रदेशका सम्पूर्ण जिल्लाहरु | बिहान ११:०० बजे | जनकपुर | १७ | ६ |
| २०८०/०८/३० | ३ | बागमती प्रदेशका सम्पूर्ण जिल्लाहरु | बिहान ११:०० बजे | काठमाडौं उपत्यका | १७ | १९ |
| २०८०/०८/३० | ४ | गण्डकी प्रदेशका सम्पूर्ण जिल्लाहरु | बिहान ११:०० बजे | पोखरा | १७ | ५ |
| २०८०/०८/३० | ५ | लुम्बिनी प्रदेशका सम्पूर्ण जिल्लाहरु | बिहान ११:०० बजे | बुटवल | १७ | ५ |
| २०८०/०८/३० | ६ | कर्णाली प्रदेशका सम्पूर्ण जिल्लाहरु | बिहान ११:०० बजे | सुर्खेत | १७ | ३ |
| २०८०/०८/३० | ७ | सुदुरपश्चिम प्रदेशका सम्पूर्ण जिल्लाहरु | बिहान ११:०० बजे | धनगढी | १७ | ३ |

**साधारण सभाको एकाइ बैठकका प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा (केन्द्रीय)**

**२०८० पौष ६ गते शुक्रबार बिहान ११:०० बजे, काठमाण्डौ उपत्यकामा ।**

**साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :**

१. साधारण सभा एकाइस्तरमा भौतिक रुपमा सञ्चालन हुनेछ । बैठकमा कार्यसूचीमा रहेका प्रतिवेदन एकाइ ३ मा भौतिक र अन्य एकाइमा भर्चुअल माध्यमबाट पेश हुनेछ ।सम्पूर्ण एकाइहरुमा प्रस्तुत भएको समान कार्यसूचीमा भौतिक रुपमा उपस्थित उक्त एकाइका प्रतिनिधिहरुले छलफल गरि निर्णय गर्नुपर्नेछ ।
२. एकाइ बैठक तथा एकाइ बैठकका प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभाको बैठक हुने हलको जानकारी अर्को सूचना तथा पत्रमार्फत गराइनेछ ।
३. साधारण सभामा भाग लिन आउने प्रतिनिधिहरुले आ-आफ्नो संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्रका साथै नेपाल सरकारद्वारा जारी गरेको फोटो सहितको आफ्नो परिचय पत्र साथमा लिएर साधारणसभामा उपस्थित हुनुपर्नेछ । हरेक संघ/संस्थाले एक जना मात्र आधिकारिक प्रतिनिधि मनोनयन गरी पठाउनु पर्नेछ ।
४. साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरुको आवास तथा यातायात खर्च सम्बन्धित संघ/संस्था आफैले व्यवस्था गर्नुपर्नेछ ।
५ थप जानकारीका लागि बैंकको टोल फ्रि नम्बर १६६००१०२९९९, वेवसाईट (www.ncbl.coop), आधिकारिक सामाजिक सञ्जाल, केन्द्रीय कार्यालय पुल्चोक तथा बैंकका शाखा कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)

## सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता

Internet Banking को सुविधा

रु १५०० मा बैंकको सदस्यता

SMS Banking को सुविधा

- वार्षिक शुल्क नलाग्ने
- सहज प्रक्रिया
- Online मार्फत सदस्यता लिन सकिने

थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस

Web: www.ncbl.coop Email: ncbl@ncbl.coop

NEDAC ACCU coop

टोल फ्री नं १६६००१०२९९९